का.जि.प्र.का.द.नं. १००/०५९/६०

- वर्ष १८, अंक ७३
- १५ बैशाख २०७७, सोमबार
- 27 April 2020, Monday

www.madhyanhadaily.com

पृष्ठ ४ मूल्य रु. ५/–

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

| अपडेट: आइतबार साँझसम्म | | संक्रमित | निको भएको | परिक्षण गरिएको | आइसोलेसनमा |
|---|---|---|---|---|---|
| | नेपालमा | ५२ जना | १६ जना | ९९३१ | ११० |

| | संक्रमित | निको भएको | मृत्यु भएको | उपचारत |
|---|---|---|---|---|
| विश्वभर | २९ लाख ४० हजार | ८ लाख ४१ हजार | दुई लाख तीन हजार | १८ लाख ९४ हजार |

# लकडाउन २५ वैशाखसम्म

**गएको चैत ११ गतेदेखि जारी लकडाउन वैशाख २५ गतेसम्म कायमै राख्ने निर्णय गरेको छ । आइतबार बसेको मन्त्रिपरिषद बैठकले लकडाउन वैशाख २५ गतेसम्म कायमै राख्ने निर्णय गरेको हो ।**

**मध्यान्ह संवाददाता**
काठमाडौं, १४ वैशाख ।

सरकारले लकडाउन वैशाख २५ गतेसम्म कायमै राख्ने निर्णय गरेको छ । आइतबार प्रधानमन्त्री निवास बालुवाटारमा बसेको मन्त्रिपरिषद बैठकले लकडाउन थप गर्ने निर्णय गरेको हो । गएको चैत ११ गतेदेखि जारी लकडाउन थपिएको यो पाँचौं पटक थपिएको हो । यसअगाडि १८ चैत, २५ चैत, ३ वैशाख र १५ वैशाख गरी लकडाउन थप गरिएको थियो । आइतबार थप तीन जनामा संक्रमण देखिएपछि सरकारले लकडाउन थप गरेको हो ।

शनिबार बसेको कोरोना रोकथाम, उपचार तथा नियन्त्रण उच्च स्तरीय समितिको बैठकले लकडाउनकै कारण नेपालमा संक्रमण रोकिएको निष्कर्ष निकालेको थियो । उच्च स्तरीय समितिले एक साता लकडाउन थप गर्न सिफारिस गरेको थियो । तर, मन्त्रिपरिषदले भने दश दिन थप लकडाउन बढाएको छ ।



भापाको सीमावर्ती क्षेत्रमा प्रहरीलाई बस्न बनाइएको अस्थायी टहराबाट सुरक्षा दिँदै सुरक्षाकर्मी ।
*–तस्बिरः सुरेन्द्र भण्डारी*

### ■ तीन संक्रमित थपिए

वीरगञ्जको छपकैयामा दुई जनामा नोभल कोरोना भाइरसको संक्रमण देखिएको छ । वीरगञ्ज महानगरपालिका वडा नं २ र ३ निवासी दुवै जना पुरुषको पिसिआर रिपोर्ट पोजिटिभ आएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ ।

मन्त्रालयले नियमित प्रेस नोट जारी गर्दै संक्रमित दुवै जनाको वीरगञ्ज नारायणी अस्पतालको आइसोलेशनमा राखेर उपचार भइरहेको जनाएको छ । कोरोना सङ्क्रमित हुनेमा एक जना वीरगञ्ज महानगरपालिकाको सरसरफाइ शाखामा कार्यरत कर्मचारी हुन् ।

चार दिन अगाडि छपकैमा सङ्कलन गरिएको ५२ जनाको स्वाबको नमूना जाँचका लागि काठमाडौंको टेकु पठाइएकामा दुई जना पुरुषको रिपोर्ट पोजिटिभ आएको हो । सङ्क्रमित फेला परेको क्षेत्रलाई 'सिल' गर्दै सङ्क्रमितका परिवारलाई घरमै राखी निगरानी तथा परीक्षणको कार्य अगाडि बढाएको जिल्ला प्रशासन कार्यालय पर्साले जनाएको छ । भापामा पनि आइतबार नै संक्रमित थपिएका छन् ।

### ■ १६ घर फर्किए

आइतबार वीरगञ्जमा दुई संक्रमित देखिए सँगै नेपालमा संक्रमित संख्या ५३ पुगेको छ । शुक्रबार मात्रै भापामा ६२ वर्षीय बृद्धामा संक्रमण देखिएको थियो । सवैभन्दा बढी प्रदेश नम्बर एकमा संक्रमण देखिएको छ । उदयपुरमा २८, भोजपुरमा एक र भापामा एक जनामा संक्रमण देखिएको हो । सवैभन्दा बढी संक्रमण देखिएको उदयपुरलाई सिल गरिएको प्रदेश एक सरकारले जनाएको छ ।

### ■ ४९ नेपालीको मृत्यु

विश्वभर फैलिएको कोभिड-१९को महामारीबाट शनिबार साँझसम्म मृत्यु हुने गैरआवासीय नेपाली ४९ पुगेका छन् । गैरआवासीय नेपाली संघ (एनआरएन), स्वास्थ्य समितिले संकलन गरेको तथ्यांकानुसार बेलायतमा ३३, अमेरिकामा १०, संयुक्त अरब इमिरेट्समा दुई तथा आयरल्याण्ड, जापान, टर्की र नेदरल्याण्डसमा एकएक जनाको निधन भएको हो ।

नेपाल बाहेक विश्वभर एक हजार ९८३ गैरआवासीय नेपाली कोरोनाबाट संक्रमित भएका छन् । विश्वभर छरिएका गैरआवासीय नेपाली विज्ञ चिकित्सकको समूहले तयार पारेको आँकडानुसार २४ देशमा रहेका नेपाली कोरोना भाइरसबाट संक्रमित रहेको कोडिभ १९ उच्चस्तरीय समिति एनआरएनका प्रेस संयोजक चिरन शर्माले बताए ।

### ■ दुई हजार संक्रमित

विभिन्न देशमा दुई हजार बढी संक्रमित देखिएका छन् । संक्रमित हुने अमेरिकामा एक हजार, बेलायत सात सय, संयुक्त अरब इमिरेट्स ८१, बहराइन ४९, कुवेत ४२, पोर्तुगल २७, आयरल्याण्ड २२, स्पेन १२, अष्ट्रेलिया ११, बेल्जियम छ, स्वीजरल्याण्ड पाँच ,साउदी अरब र जर्मनी चारचार, मलेशिया, क्यानडा, न्युजिल्याण्ड र साइप्रस तीनतीन, जापान, हङकंङ र माल्टा दुईदुई तथा फ्रान्समा एक जना रहेको समितिले जनाएको छ ।

समितिले विदेशस्थित विभिन्न अस्पतालमा कार्यरत ३६ नेपाली चिकित्सक, नेपाली कूटनीतिक बाँकी पृष्ठ २ मा

# तीव्र छलफलमा प्रधानमन्त्री

**पार्टीभित्रै अल्पमतमा देखिएका प्रधानमन्त्री केपी शर्मा ओलीले छलफललाई तीव्र बनाएका छन् । पार्टीकै बरिष्ठ नेताहरू देखि आफ्ना विश्वास पात्रहरूबीच प्रधानमन्त्री छलफलमा छन् ।**

**मध्यान्ह संवाददाता**
कामठाडौं, १४ वैशाख

सत्तारुढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को आन्तरिक विवाद थप चर्किँदै गएको छ । पार्टी अध्यक्ष एवम् प्रधानमन्त्रीबाट समेत केपी शर्मा ओलीलाई हटाउने तयारी भएको सूचनाका आधारमा नेकपाभित्र छलफल, भेटघाट तथा छलफले तीव्र लिएको छ ।

उपाध्यक्ष वामदेव गौतमले आइतबार खण्डनपत्र सार्वजनिक गर्नु पनि त्यसैको एक उदाहरण हो । शनिबार बालुवाटारमा भएको छलफलमा पार्टी र प्रधानमन्त्री दुवैबाट राजीनामा मागेको भन्ने समाचार आएपछि उपाध्यक्ष गौतमले खण्डनपत्र सार्वजनिक गरेका हुन् । उपाध्यक्ष वामदेव गौतमले आफू र प्रधानमन्त्री एवं अध्यक्ष केपी शर्मा ओली बीचको पछिल्लो कुराकानीमा पार्टीभित्र देखिएका समस्याको समाधान साझा प्रयत्नबाट गर्न सुझाव दिएको बताएका छन् ।



१२ वैशाखमा कांग्रेस सभापति शेरबहादुर देउवासँग भेटवार्ता गर्दै प्रधानमन्त्री केपी शर्मा ओली ।

**बैठकको माग**

उपाध्यक्ष गौतमले राजनीतिक दलसम्बन्धी अध्यादेश खारेज भएपछि पनि उत्पन्न अनेक समस्या समाधान गर्न पार्टीका कमिटीलाई बाइपास नगरी प्रत्यक्ष छलफल गरेर तथा अरुका सुझाव र विचारलाई सम्मान गर्दै समाधान गर्न सुझाव दिएको स्पष्ट गरे । "प्रधानन्त्रीले धैर्यपूर्वक मेरो सल्लाह सुन्नुभयो, थोरै बोल्नुभयो, म बिदा भएर आएँ । भएको यत्ति हो । सबैलाई यही जानकारी लिन विनम्र अनुरोध गर्दछु", गौतमले भनेका छन् । बाँकी पृष्ठ २ मा

# त्यसै नछोड्ने मूड

**आफ्नो पार्टी विभाजन गर्नेगरी अध्यादेश ल्याइएको प्रति आक्रोशित जनता समाजवादी पार्टीका नेताहरू 'सांसद अपहरण' प्रकरण त्यसै नछोड्ने मूडमा देखिन्छन् ।**

**मध्यान्ह संवाददाता**
काठमाडौं, १४ वैशाख ।

जनता समाजवादी पार्टी (जसपा) का नेताहरु आइतबार दिउँसो आफ्नो सांसद डा.सुरेन्द्र यादवलाई 'बन्धक र अपहरण' गरिएको भन्दै त्यस विरुद्ध मुद्दा दर्ता गराउन टेकु पुगेका थिए । तर, उनीहरुको मुद्दा प्रहरीले लिन मानेन् । जसपाका नेताहरुले सांसदहरु महेश बस्नेत र किसान श्रेष्ठ तथा पूर्व आईजीपी सर्वेन्द्र खनाल विरुद्ध मुद्दा दर्ता गराउन टेकु पुगेका थिए ।

प्रहरीले जाहेरी लिन नमानेपछि जसपाका नेताहरुबीच केहीबेर भनाभन नै भएको थियो । महानगरीय प्रहरीले मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ मा रहेको कानूनी व्यवस्था बिपरीत आफ्ना पूर्व आईजीपी र सांसद विरुद्धको जाहेरी लिन मानेन । उक्त



कानूनी प्रावधानअनुसार, जाहेरी लिन नमिल्ने भनेपछि नेताहरुसँग प्रहरीको चर्काचर्की नै भएको थियो ।

जाहेरी लिएर नेताहरु बाबुराम भट्टराई, राजेन्द्र महतो, उपेन्द्र यादव, शरदसिंह भण्डारी, अशोक राई टेकु पुगेका थिए । उनीहरुसँगै, सांसद सुरेन्द्र यादव समेत त्यहाँ पुगेका थिए । यादवलाई सांसद बस्नेत र श्रेष्ठ तथा पूर्व आईजीपी खनाल महोत्तरी पुगेका थिए । त्यहाँबाट यादवलाई लिएर काठमडौं आएका थिए । सांसद यादवलाई काठमाडौं ल्याउनुको उद्देश्य भने भट्टराईको पार्टी समाजवादी पार्टी विभाजन गराउनु रहेको थियो ।

तर, सांसद यादवले आफू विभाजनको पक्षमा नरहेपछि मधेश केन्द्रीत दलहरु बीच नै उल्टो एकता भएको छ । त्यस पछि सरकारले पनि पार्टी विभाजन गर्न खुकुलो प्रावधान सहित बाँकी पृष्ठ २ मा

# विदेशमा रहेका नेपाली कामदारबारे कांग्रेस गम्भीर


**मध्यान्ह संवाददाता**
काठमाडौं, १४ वैशाख

प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रसले एकैसाथ विदेशबाट हजारौं नेपाली स्वदेश फर्काइन सक्ने भन्दै उनीहरुको व्यवस्थापनको तयारी गर्न सरकारको ध्यानकर्षण गराएको छ । विश्वव्यापी महामारीको रुपमा रहेको कोरोना भाइरस (कोभिड-१९) संक्रमणबाट नेपाली जनतालाई जोगाउन जारी गरिएको लकडाउनका बेला लचिलो नबन्ने निर्णय लिएको सरकारलाई विदेशबाट पठाइने कामदारको व्यवस्थापन पेचिलो बन्ने देखिएको छ ।

कुवेतले आगामी अप्रिल ३० भित्र आफ्ना देशमा रहेका अवैध विदेशी कामदारहरुलाई आममाफी दिएर घर फर्काउन शुरु गरेको छ । त्यहाँ ५ हजार नेपाली अवैध अवस्थामा बसेका छन् ।

कुवेतले घर फर्किने इच्छासहित आवेदन दिने व्यक्तिहरुलाई आफ्नो लगेजसहित तोकिएका केन्द्रहरुमा आउन भनेको छ । आममाफीको प्रकृयामा प्रवेश गर्नेहरुलाई विमान चार्टर गरेर नेपाल पठाए नेपाल सरकारले के गर्ला ? उनीहरुलाई कसरी व्यवस्थापन गर्ला ?

प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसका प्रवक्ता विश्वप्रकाश शर्मा कुवेत सरकारले आममाफी दिएका कामदारहरुलाई डिटेन्सन सेन्टर हरुबाट विमानमा स्वदेश फर्काउन सक्ने सम्भावना रहेको बताए । शर्मा कोरोना भाइरसको विश्वव्यापी महामारीपछि नियमित रुपमा संक्रमित नेपालीको जानकारी लिन पार्टीको विदेशस्थित जनसम्पर्क समितिसँग सम्पर्कमा रहेका छन् ।




उनले कुवेतको अवस्था जटिल रहेको विषयमा आफुले परराष्ट्र मन्त्री प्रदीपकुमार ज्ञवालीलाई टेलिफोनमाफर्त जानकारी गराएको तर उद्धार र व्यवस्थापनकाबारेमा कुनै जानकारी नपाएको बताए ।

कुवेतमा स्वदेश फर्किन चाहने अवैध रुपमा बसिरहेका नेपालीहरुलाई शनिबारदेखि दर्ता प्रकृया शुरु भएको छ । शनिबारदेखि आगामी बुधबार अर्थात ३० अप्रिलसम्म नेपालीहरुलाई दर्ता प्रकृयामा सहभागी हुन समय दिइएको छ । पहिलोदिन शनिवार ६५० जना नेपाली दूतावासमा ट्राभल्स डकुमेन्ट बनाउन सम्पर्कमा आएका थिए । त्यसमध्ये ४१८ जनाको ट्राभल्स डकुमेन्ट बनेको बताइएको छ ।

नेपाली कांग्रेस प्रवक्ता शर्माले विदेशमा कोरोना भाइरसबाट बढी प्रभावित नेपालीमा गत जनवरी यता पुगेका विद्यार्थी, रोजगारी गुमाएका श्रमिक र आफ्नो लगानी गरेका व्यवसायीहरु देखिएको भन्दै उनीहरुलाई राहत उद्धारका विषयमा उचित प्रणाली स्थापना गर्न नेपाल बाँकी पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# खाडीमा खुकुलो हुँदै लकडाउन

काठमाडौं/मस- कोरोना भाइरस (कोभिड-१९) संक्रमणको उच्च जोखिमकाबीच नेपाली कामदार ठूलो संख्यामा रहेका खाडीका विभिन्न देशले लकडाउनलाई खुकुलो बनाउन थालेका छन् । यूएईले रमजानको अवसरमा ठूलाठूला शपिङ मलहरु खोल्न शुरु गरेको छ भने साउदी अरबले लगाएको २४ घण्टे कफ्र्यु आदेश केही खुकुलो गरेको छ ।

जोर्डनले पनि आवागमन खुकुलो बनाउने घोषणा गरेको छ । दश हजार २८७ संक्रमित रहेको कतारमा आइतबार थप ९२९ जना संक्रमित देखा परेका छन् । दश हजार ३४९ संक्रमित रहेको युएईमा आइतबार ५३६ जना नयाँ संक्रमित फेला परेका छन् ।

तीस हजार ७५ संक्रमित रहेको कुवेतमा आइतबार १८३ जना नयाँ संक्रमित फेला परेका छन् । ७०७ जना संक्रमित रहेको लेवनानमा ३ जना नयाँ संक्रमित फेला परेका छन् । ८०६ संक्रमित रहेको कुवेतमा १५ नयाँ संक्रमित देखिएका छन् ।

विश्व स्वास्थ्य संगठनले भने संक्रमण पूर्ण नियन्त्रण नआई लकडाउनलाई खुकुलो गरेको दोश्रो चरणको संक्रमण फैलनसक्ने चेतावनी दिएको छ । यता रबर उद्योगहरुमा उत्पादन शुरु गरेको मलेसियाले भने छिमेकी सिंगापुरमा ८ हजार भन्दाबढी बाँकी पृष्ठ २ मा

**नोवेल कोरोना भाइरस (COVID-19) सामान्य रुघाखोकी भन्दा जटिल सङ्क्रमण हो, हालसम्म यसको उपचारको लागि औषधी पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।**

**यसबाट बच्ने उत्तम उपायहरु:**

- कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले र पछि साबुन पानीले राम्रोसँग हात धुने,
- अनावश्यकरुपमा घर बाहिर र भिडभाडमा नजाने,
- खोक्दा र हाछ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने,
- कुनै पनि व्यक्तिसँग तीन फिटको दुरी कायम गर्ने,
- जंगली तथा घरपालुवा पशुपन्छीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने,
- सकेसम्म पशुजन्य मासु नखाने,
- ज्वरो, रुघा र खोकी तथा स्वासप्रस्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने,
- कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु जम्माखोरी, कालोबजारी तथा लुकाइराखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने,

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

# अग्रवालविरुद्ध ४ कसुरमा मुद्दा चलाउन सिफारिस

**मध्यान्ह संवाददाता**
काठमाडौं, १४ बैशाख



थर्मल गनमा कालोबजारी गरेको अभियोगमा पक्राउ परेका व्यवसायी सुलभ अग्रवालविरुद्ध चार वटा कसुरमा मुद्दा चलाउन प्रहरीले सिफारिस गरेको छ। चैत २५ गते ६७ थान थर्मल गनसहित नक्सालबाट पक्राउ परेका अग्रवालविरुद्ध महानगरीय प्रहरी परिसर काठमाडौंले कालोबजारी, अवैध भण्डारण तथा नाफाखोरी र कृत्रिम अभाव सिर्जना र सार्वजनिक पदको दुरुपयोग गरेका ४ वटा कसुरमा मुद्दा चलाउन सिफारिस गरेको हो।

प्रहरीले १५ लाख ७८ रुपैयाँ बिगो र ३ वर्ष कैद तथा सार्वजनिक पद धारण गरेको अवस्थामा अपराध भएकोमा थप सजाय माग गरेको छ। प्रहरी अनुसन्धानको थप अध्ययन गरेर सरकारी वकिलको कार्यालयले अग्रवालविरुद्ध जिल्ला प्रशासन कार्यालय काठमाडौंमा मुद्दा दर्ता गर्ने छ।

महानगरीय प्रहरी परिसर काठमाडौंका अनुसार आरोपित अग्रवालविरुद्धको अनुसन्धान सकिएकाले चारवटा कसुरमा मुद्दा चलाउन सिफारिस गरिएको जानकारी दिएको छ। अग्रवालविरुद्ध कालोबजारी तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन र मुलुकी फौजदारी सजाय निर्धारण तथा कार्यान्वयन ऐनका चार वटा कसुरमा मुद्दा चलाउन सिफारिस गरिएको हो। पदको दुरुपयोग गरी अपराध गरेको कसुरमा मुलुकी फौजदारी कसुरमा पनि मुद्दा चलाउन माग गरिएको छ। सार्वजनिक पदको दुरुपयोग गरी कसुर गर्ने व्यक्तिलाई कसुरमा हुने सजायको थप डेढी सजाय हुने कानूनी व्यवस्था छ। प्रहरीका अनुसार चीनबाट ३ हजारमा खरिद गरेको थर्मल गन नेपालमा १५ देखि २० हजार रुपैयाँसम्म लिएर उनले बिक्री गर्दै आएका थिए।

प्रहरी आफैं ग्राहक बनेर अग्रवालसग थर्मल गन किन्न गएको थियो। त्यही क्रममा उनी नक्सालबाट पक्राउ परेका थिए। उनी हाल महानगरीय प्रहरी वृत्त दरबारमार्गको हिरासतमा छन्।

# विपन्न परिवारलाई नगदसहित राहत वितरण



**काठमाडौं/मस–** मुलुकमा भइरहेको लकडाउन लम्बिँदै गई खासगरी दैनिक मजदुरी गरेर जीवन गुजारा गरिरहेका विपन्न वर्गमा परिरहेको समस्यालाई मध्यनजर गर्दै विभिन्न संघ संस्था र व्यक्तिहरुले आफ्नो क्षमताले भ्याएसम्म राहत वितरण गरिरहेका छन्।

केही दिनयता लायन्स क्लब अफ काठमाडौं, नेपालय, नयन टोल व्यवस्थापन समिति र नेपाल वैदेशिक रोजगार व्यवसायी संघ, कार्यसमिति सदस्य एवं त्रिवेणी ओभरसिज कन्सर्न प्रा.लि.का सञ्चालक लक्ष्मण पौडेलसहितको टोलीले संयुक्त रुपमा राहत वितरण गर्दै आएको छ।

यसैक्रममा आइतबार टोखा नगरपालिकाका ६५ परिवारलाई राहत वितरण गरिएको व्यवसायी पौडेलले जानकारी दिए। आफु र आफ्ना सुभेच्छुकमार्फत राहत संकलन गरी यो टोलीले प्रति परिवार २५ देखि ३० केजी चामल, २ केजी चना, १/१ केजी केराउ र दाल, १/१ धार्नी आलु, सुत्केरी परिवारलाई थप आधा केजी घ्यु र सबै विपन्न परिवारलाई ५/५ सय नगद समेत उपलब्ध गराइएको पौडेलले मध्यान्हलाई जानकारी दिए।

आइतबार ग्राण्डी अस्पताल नजिकै गरिएको राहत वितरणको शुभारम्भ टोखा नगरपालिकाका प्रमुख प्रकाश अधिकारीले गरेका थिए। सो अवसरमा मेयर अधिकारीले संयुक्त रुपमा राहत वितरण भएको प्रति आभार प्रकट गर्दै सबैको सहयोगले विपतलाई सामना गर्नुपर्ने बताए। राहत वितरण कार्यक्रममा टोखा नगरपालिका उपप्रमुख ज्ञानमाय डंगोलको पनि उपस्थिति रहेको थियो।

खासगरी नगर वा वडाबाट राहत नपाएका विपन्न परिवारलाई कुनै कागजात खोजी नगरी राहत वितरण गरिएको राहत वितरण समितिका संयोजक विजय श्रेष्ठले जानकारी दिए। यो टोलीले करिब तीन सातादेखि गोंगबु, बालाजु, पुतलिसडक, धापासी, समाखुशी, टोखा, बानियाँटार, चाबहील लगायतका क्षेत्रमा राहत वितरण गर्दै आएको थियो।

आइतबार चौथो पटक थपिएको लकडाउनको अन्तिम एक दिन अगाडि ६५ परिवारलाई राहत वितरण गरिएको थियो। राहत प्राप्त गर्नेहरुमा नयाँ बसपार्क गोगंबुमा समस्यामा परेका ४ भारतीय परिवारका १९ सदस्यहरु पनि रहेको व्यवसायी पौडेलले जानकारी दिए।

राहत संकलन र वितरणमा क्लबका चार्टर प्रेसिडेन्ट सुधिर शर्मा, आगामी अध्यक्ष राजेन्द्र श्रेष्ठ, वर्तमान अध्यक्ष सरिता श्रेष्ठ, सचिव दीपा श्रेष्ठ, कोषाध्यक्ष सपना न्यौपाने पौडेल, वरिष्ठ समाजसेवीहरु रुद्र त्रिपाठी, राष्ट्रमान श्रेष्ठ, भगवान केसी, दिपक अधिकारी, किरण श्रेष्ठ लगायत सम्पूर्ण लायन्स परिवार तथा टोलवासीहरुको सक्रियता थियो। व्यवसायी पौडेल र राहत संकलन तथा वितरणका संयोजक श्रेष्ठले आगामी दिनमा पनि राहत संकलन र वितरणलाई जारी राख्ने प्रयास भइरहेको जानकारी दिए।

यो टोलीलाई अमेरिका निवासी लक्ष्मी बहादुर बस्नेत, क्यानडा निवासी विकास श्रेष्ठले ५/५ हजार रुपैयाँ र रसुवा गोसाईंकुण्ड गाउँपालिकाका अध्यक्ष कैसाङ तामाङले १० हजार रुपैयाँ नगद सहयोग उपलब्ध गराएका थिए।

# युवाहरुद्वारा दलित परिवारलाई क्रियाखर्च सहयोग



**शुभ नारायण कामती/मध्यान्ह**
सिरहा, १४ बैशाख

सिरहा जिल्लाको विष्णुपुरका स्थानीय युवाहरुले एक दलित परिवारलाई क्रिया खर्चको लागि आर्थिक सहयोग गरेका छन्। विष्णुपुर गाउँपालिका वडा नं. ३ रजोखरका यूवाहरुले त्यहाँ रहेका एक दलित सुकुम्वासीलाई क्रिया, कर्म विधि गर्न आर्थिक सहयोग गरेका हुन्।

मनकारी युवाहरुले कोरोना भाइरस संत्रासको बेला स्व. देवला देबी पासमानका श्रीमान रामनाथ पासमानको परिवारसँग क्रिया कर्म गर्नसमेत पैसा नरहेको अवस्थामा आर्थिक सहयोग गरेका हुन्। देवला देवीको बैशाख ६ गते देहान्त भएको थियो। गाँस बासको अभावमा कष्टमय जिवन झेल्दै आएका विपन्न सुकुमवासी पासमान बिचल्लित रहेको समयमा त्यहाँका स्थानीय युवाहरु दुःखद घडीमा सहारा बने।

स्थानीय नागेन्द्र कामती, अशोक कुमार यादव, छेदिलाल साह, राम एकबाल यादव, सरोज कुमार यादव, हेमकुमार यादव लगायत २३ जना युवाले १३ हजार ८ सय ५ रुपैयाँ जम्मा गरी क्रिया खर्चको लागि सहयोग गरेका छन्।

यता वडा तथा गाउँपालिकाहरुले हालसम्म राहत नबाँडेकोले त्यहाँका सयौं दलित गरिब परिवार विचल्लीमा परेका छन्। गाउँपालिका हालडसम्म राहत वितरणको लागी तथ्यांक संकलनमा नै व्यस्त रहेको श्रोतको भनाइ छ।

सरकारले गरेको लकडाउनको एक महिना भन्दा बढी अवधिमा स्थानीय सरकार यसरी तथ्यांक संकलनमा नै समय बिताउनु स्थानीय सरकार कार्य सम्पादनमा असक्षाम रहेको स्थानीय बुद्धिजिविहरुको कथन रहेको छ।

स्मरणीय छ, सिरहा जिल्लाका १७ स्थानीय निकायमध्ये हालसम्म ९ वटा पालिकाहरुले राहत वितरण गरेका छैनन्। राहत वितरण नगरेका पालिकाहरुमा सुखीपुर नगरपालिका, सिरहा नगरपालिका, विष्णुपुर गाउँपालिका, नरहा गाउँपालिका, औरही गाउँपालिका, भगवानपुर गाउँपालिका, नवराजपुर गाउँपालिका र बडियारपट्टी गाउँपालिका रहेका छन्।

# रामग्राम नगरपालिका र रेडक्रसद्वारा कैदीबन्दीलाई सरसफाई सामग्री सहयोग



**परासी/मस–** नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा पश्चिम नवलपरासीले कैदीबन्दीलाई सरसफाई सामग्री र रामग्राम नगरपालिकाले सेनिटाइजर हस्तान्तरण गरेका छन्। आइतबार जिल्ला सभापति राजेन्द्र अग्रहरी र रामग्राम नगरपालिकाका नगरप्रमुख नरेन्द्र कुमार गुप्ताले सयुंक्त रुपमा प्रमुख जिल्ला अधिकारी बासुदेव दाहालमार्फत परासी जिल्ला कारागारमा रहेका कैदीबन्दीलाई उक्त सामग्री हस्तान्तरण गरिएको हो।

कोरोना भाइरस संक्रमाण हुन नदिन र त्यसबाट बच्नको लागि कैदीबन्दीहरुलाई स्वास्थ्य सुरक्षा समग्री हस्तान्तरण गरिएको रेडक्रस सोसाईटीका जिल्ला सभापति अग्रहरीले बताए। उनका अनुसार रेडक्रस सोसाइटीले एक सय पचास वटा साबुन परासी जिल्ला कारागारमा रहेका कैदीबन्दीहरुलाई लक्षित गरी हस्तारन्तरण गरेको अग्रहरीले जानकारी दिए।

यस्तै रामग्राम नगरपालिकाले आधा लिटरका दरले आठ बोतल सेनिटाइजर कारागारमा रहेका कैदीबन्दीहरुलाई हस्तान्तरण गरेको नगरप्रमुख गुप्ताले जानकारी दिए। उनले आवश्यकता अनुसार कैदीबन्दीहरुलाई थप स्वास्थ्य सामग्री र सरसफाई सामग्री उपलब्ध गराउने बताए। हस्तान्तरण कार्यक्रममा जिल्ला समन्वय समिति पश्चिम नवलपरासीका प्रमुख शिवशंकर रायलगायतको सहभागिता रहेको थियो। जिल्ला कारागार परासीमा हाल चार सय कैदीबन्दी रहेको नवलपरासी कारागारले जनाएको छ।

# महासंघद्वारा स्वास्थ्य सुरक्षा सामग्री सहयोग

**गौरीशंकर जयसवाल/मध्यान्ह**
परासी, १४ बैशाख



नेपाल उद्योग वाणिज्य महासंघले नेपाल पत्रकार महासंघ जिल्ला शाखा तथा जिल्लास्थित सुरक्षा निकायहरुलाई स्वास्थ्य सुरक्षा सामग्री सहयोग गरेको छ। आइतबार परासीमा एक कार्यक्रमबीच महासंघका केन्द्रिय सदस्य गुणनिधी तिवारीले नेपाल पत्रकार महासंघ, परासी शाखा अध्यक्ष हरी शर्मा र प्रमुख जिल्ला अधिकारी बासुदेव दहालमार्फत जिल्लामा रहेका सुरक्षा निकायहरुलाई स्वास्थ्य सुरक्षा सामग्री सहयोग गरेका हुन्।

विश्वभर फैलिएको कोरोना भाइरस (कोभिड १९) संक्रमणविरुद्ध अग्रपङ्तिमा खटिने पत्रकार र सुरक्षाकर्मीहरुको स्वास्थ्य सुरक्षाका लागि उक्त स्वास्थ्य सामग्री सहयोग गरिएको महासंघका केन्द्रीय सदस्य तिवारीले बताए। पत्रकारहरुलाई नेपाल पत्रकार महासंघ शाखामार्फत १ हजार थान मास्क र १ सय थान पञ्जा हस्तान्तरण गरिएको तिवारीले जानकारी दिए।

कोरोना भाइरसको संक्रमणबाट बच्नको लागि सरकारले लागू गरेको लकडाउनको बेलामा पत्रकारहरु अग्रपङ्तिमा रहेर सामाचार सम्प्रेषण गर्नुपर्ने भएकोले पत्रकारहरुको पहिचानको लागि नेपाल उद्योग वाणिज्य महासंघ प्रदेश नं ५ का अध्यक्ष समेत रहेका तिवारीले अफनो व्यक्तिगत खर्चमा ७५ थान प्रेस ज्याकेटसमेत पत्रकार महासंघ परासी शाखालाई सहयोग गरेका छन्।

यस्तै जिल्ला प्रहरी कार्यालय नवलपरासीका वरिष्ठ प्रहरी उपरीक्षक लालमणि आचार्यमार्फत प्रहरीहरुको सुरक्षाको लागि दुई हजार थान मास्क, २० लिटर सेनिटाइजर र दुई सय थान पञ्जा हस्तान्तपण गरिएको केन्द्रीय सदस्य तिवारीले बताए। उनका अनुसार सीमा सशस्त्र प्रहरी सिलका एसपी भरत खानियामार्फत खटिएका सशस्त्र प्रहरीहरुको स्वास्थ्य सुरक्षाको लागि तीन हजार थान मास्क, २० लिटर सेनिटाइजर र तीन सय थान पञ्जा, प्रमुख जिल्ला अधिकारी बासुदेव दहालमार्फत बज्रदल गणका सेनालाई दुई हजार थान मास्क र दुई सय थान पञ्जा वितरण गरिएको तिवारीले बताए।

त्यसैगरी जिल्ला विपत व्यवस्थापन समितिलाई एक हजार थान मास्क तथा एम्बुलेन्स चालक समितिलाई तीन सय थान मास्क र १ प्याकेट पञ्जा सहयोग गरिएको नेपाल उद्योग वाणिज्य महासंघले जनाएको छ। महासंघले उपलब्ध गराएको स्वास्थ्य सुरक्षा सामग्री मास्क, पञ्जा र प्रेस ज्यकेट पत्रकार महासंघमा आबद्ध सदस्यहरुलाई उपलब्ध गराउने महासंघका परासी जिल्ला सचिव राजकुमार रेग्मीले जानकारी दिए।

जिल्ला समन्वय समितिका प्रमुख शिवशंकर रायको अध्यक्षता तथा प्रमुख जिल्ला अधिकारी दाहालको प्रमुख आतिथ्यतामा सो सामग्री हस्तान्तरण गरिएको हो। महासंघ प्रदेश ५ ले देश लकडाउन भएदेखि विभिन्न जिल्लाहरुमा खाद्यान्न तथा सुरक्षा सामग्रीहरु वितरण गर्दै आएको अध्यक्ष तिवारीले जानकारी दिए।

सीमामा खटिरहेका सुरक्षाकर्मी र सामाचार संकलनमा खटिरहेका पत्रकारहरुलाई स्वास्थ्य सुरक्षा सामग्रीले थप उर्जा मिल्ने विश्वास लिइएको प्रमुख जिल्ला अधिकारी दाहालले बताए। यस्तै जिल्ला समन्वय समिति प्रमुख रायले सुरक्षा सामग्रीले सुरक्षाकर्मी र पत्रकार हरुको मनोबल बढ्ने विश्वास व्यक्त गरेका थिए।

# लकडाउन अन्त्यको दुई सातापछि एसईईको तयारी




काठमाडौं/मस- शिक्षा, विज्ञान तथा मन्त्रालयले जारी लकडाउन अन्त्य भई अन्य अवस्था सामान्य भएमा त्यसको दुई सातापछि स्थगित माध्यमिक शिक्षा परीक्षा कक्षा १० (एसईई) परीक्षा सञ्चालन हुने गरी तयारी गरेको छ। मन्त्रालयका सचिव महेशप्रसाद दाहालले नयाँ परिस्थितिमा वैकल्पिक शिक्षा विधि र परीक्षा सञ्चालनको ढाँचाबारे गठित समितिले काम गरिरहेको र प्रारम्भिक सुझाव प्राप्त भएकाले अवस्था हेरेर परीक्षा सञ्चालन गर्ने गरी तयारी अघि बढ्ने जानकारी दिएका हुन्।

शिक्षाका लागि राष्ट्रिय अभियान नेपाल (एनसिई)ले परीक्षाका विषयमा आइतबार गरेको भिडियो छलफलमा सचिव दाहालले बन्दाबन्दीबारे सरकारले निर्णय गरेपछि मन्त्रालयले परीक्षाबारे धारणा सार्वजनिक गर्ने उल्लेख गरे। अब परीक्षा भएमा विद्यालयलाई सामाजिक दुरीसहित बस्ने गरी नजिक नजिक परीक्षा केन्द्र राख्नुपर्ने सुझाव पनि दिइएको छ। मन्त्रालयले कोरोनाको जोखिम कम भएमा अरु पूर्व निर्धारित परीक्षा केन्द्रका उपकेन्द्र निर्धारण गरी परीक्षा गर्ने र जोखिम कायम रहेमा परीक्षा प्रणालीका अन्य विकल्पमा पनि राखिएको दाहालले जानकारी दिए।

मन्त्रालयले पूर्वविज्ञान तथा प्रविधिमन्त्री गणेश साहको संयोजकत्वको उच्चस्तरीय समितिमातहतका विषयगत कार्यसमूहले दिएको सुझावलाई मन्त्रालयले र समितिले अध्ययन गरिरहेको छ।

शिक्षाविद् डा मनप्रसाद वाग्लेले भने विद्यार्थीको वार्षिक मूल्याङ्कनका आधारमा पनि ग्रेड निर्धारण गर्न सकिने भन्दै परीक्षा गर्नैपर्ने भएमा सामाजिक दुरी कायम गर्ने वा एकै दिन चार वटा मुख्य विषयको एकै लिएर बाँकी विषयको आन्तरिक मूल्याङ्कन गर्न सकिने सुझाए।

नेपाल राष्ट्रिय शिक्षक सङ्गठनका अध्यक्ष लक्ष्मण शर्माले माथिल्लो कक्षामा प्रवेश परीक्षा पनि लिइने भएकाले कक्षा १० को एसईई परीक्षालाई हाउगुजीका रुपमा कायम राखिराख्न नपर्ने तर्क राखे। उनले स्थानीय तहको समन्वयमा तीन दिनभित्र विद्यार्थीको आन्तरिक मूल्याङ्कनका आधारमा तीन दिनभित्र प्राप्ताङ्क तयार गर्न सकिने जनाए।

एनसिई नेपालका अध्यक्ष डिल्लीराम सुवेदीले बन्दाबन्दीका कारण विद्यार्थीहरुलाई मनोवैज्ञानिक समस्या परेको हुन सक्ने र तत्कालै परीक्षा सञ्चालन गर्दा थप मार पर्नेतर्फ पनि सोच्न आग्रह गरे।

गत चैत ६ गतेदेखि १७ गते सम्म हुने गरी सञ्चालनका लागि सबै तयारी पूरा भएपनि भाइरसको जोखिमका कारण उच्चस्तरीय समन्वय समितिको चैत ५ गते साँझको बैठकले परीक्षा स्थगनको निर्णय गरेको थियो। सो परीक्षाका लागि चार लाख ८२ हजार २१९ विद्यार्थीले आवेदन दिएका थिए भने एक हजार नौ सय ९५ परीक्षा केन्द्र निर्धारण गरिएको थियो। बोर्डले गत चैत ८ गतेदेखि हुने कक्षा १२ र चैत २५ गतेदेखि हुने भनिएको कक्षा ११ को परीक्षा पनि बन्दाबन्दीका कारण स्थगन गरेको थियो।

# हिमानी कोषद्वारा स्वास्थ्य सामग्री हस्तान्तरण




**काठमाडौं/मस–** कोरोना महामारीको समयमा निरन्तर कार्यक्षेत्रमा खटिरहेका सञ्चारकर्मी र स्वास्थ्यकर्मीहरुलाई हिमानी कोषले अत्यावश्यक सामाग्री हस्तान्तरण गरेको छ। कोषको कार्यालय बालुवाटारमा आइतबार आयोजित कार्यक्रममा विभिन्न २० वटा सञ्चार गृहलाई सय थान पीपीई, मास्क र सेनिटाइजर हस्तान्तरण गरिएको हो।

कोषले काठमाडौं मेडिकल कलेज सिनामंगललाई पीपीई र के-९५ मास्क, पञ्जा र सर्जिकल मास्क लगायतका सामाग्री पनि उपलब्ध गराएको छ। कोषले कोरोना संक्रमण विरुद्ध जुझ्न विभिन्न संघसंस्थालाई सहयोग उपलब्ध गराएको स्पष्ट पारेको छ।

कोषले काठमाडौं मेडिकल कलेजलाई पाँच सय थान पीपीई, एक हजार थान के-९५ र सर्जिकल मास्कका साथै पाँच सय थान पञ्जा उपलब्ध गराएको हो। कोरोना संक्रमण विरुद्ध काम गर्न प्रभु शमशेर राणा र राजी राणाले १ करोड उपलब्ध गराएको पनि कोषले जनाएको छ। यसअघि कोषमार्फत पूर्व राजा ज्ञानेन्द्र शाहले कोरोना भाइरस रोकथामका लागि सरकारलाई २ करोड रुपैयाँ सहयोग उपलब्ध गराएका थिए।

# राहत वितरण नगर्ने नगरप्रमुखलाई नै विरोधको राहत !

**सिरहा/मस–** सिरहाका अधिकांश स्थानीय तहले पहिलो चरणको राहत वितरण गरी सक्दा पनि सुखीपुर नगरपालिकाभने हालसम्म राहत बाँड्ने सुरसार नगरेको स्थानीय पीडितहरुले बताएका छन्। लकडाउनको ३४ दिन वितिसक्दासम्म पनि राहत नदिएपछि नगरपालिकाका मेयरलाई विरोधस्वरुप उल्टै राहत दिने अभियान चलेको छ।




सुखीपुरका स्थानीय युवाद्हरुले मेयरलाई राहत दिन राहत संकलन अभियान चलाएका थिए। स्थानीय युवाहरुले संकलन गरेका चामल, दाल, बिस्कुट, चाउचाउ, कपडा लगायतका राहत सामग्री आइतबार सुखीपुर नगरपालिकामा बुझाएका हुन्।

लकडाउनको ३४ दिन बित्दा पनि सुखीपुर नगरपालिकाका मेयर राम औतार यादव राहतको काममा गम्भीर नहुँदा नैतिक दवाब दिन सो कार्यक्रम चलाउनु परेको युवाहरुले बताएका छन्। दवाब सृजनाकै क्रममा मेयरलगायतका जनप्रतिनिधिले राहत वितरणका लागि समिति बनाएको तर त्यसमा पनि आफ्नै आसेपासेलाई समावेश गरेको स्थानीय युवाहरुको आरोप छ।

---

### लकडाउन...

नियोग, एनआरएनका शाखा तथा स्थानीय संघसंस्थाद्वारा प्राप्त सूचनालाई मुख्य आधारलाई मानेर हरेक आइतबार विदेशमा रहेका नेपालीको कोरोना संक्रमणको तथ्यांक संकलन गर्दै आएको छ।

### तीव्र...

गौतमले आफ्नो भनाइको खण्डन गरेपनि भेटवार्ता पार्टीभित्रकै विवादबारे भएको भने पुष्टि गरेका छन्। उनले आफ्नो पत्रमा सचिवालय, स्थायी कमिटी र केन्द्रीय कमिटीको बैठक समेत राख्नुपर्ने सुझाव दिएको बताएका छन्। यसको अर्थ प्रधानमन्त्रीले भेटवार्ता तीव्र बनाएको र नेकपाभित्रको विवाद थप उत्कर्षतर्फ बढेको भन्ने तर्क थप बलियो हुन्छ।

शनिबार, गौतम बाहेक कार्यकारी अध्यक्ष पुष्पकमल दाहाल र बरिष्ठ नेता माधवकुमार नेपालसँग भेटवार्ता गरेका प्रधानमन्त्री ओलीले शुक्रबार मात्रै प्रतिपक्षी दल नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवासँग भेटवार्ता गरेका थिए। स्रोतका अनुसार, प्रधानमन्त्री ओलीले प्रदेश नम्बर पाँचका मुख्यमन्त्री रहेका आफू निकट नेता शंकर पोखरेललाई पनि काठमाडौं बोलाएका छन् भने उपप्रधानमन्त्री ईश्वर पोखरेल र सुवास नेम्वाङलाई छलफलमा बोलाएका छन्।

### त्यसै...

ल्याएको अध्यादेश फिर्ता लिएको छ। तर, जसपाका नेताहरु भने 'अपहरण' मुद्दा चलाउनेतर्फ अगाडि बढेका छन्। विशेषगरी बाबुराम भट्टराई यो प्रकरणले लगातार अभिव्यक्ति दिइरहेका छन्।

'अपहरण' भएको भन्दै यसको कानूनी उपचार मात्रै नभएर पूर्व प्रधानमन्त्री बाबुराम भट्टराई प्रधानमन्त्री ओली विरुद्ध कडा अभिव्यक्ति दिइरहेका छन्। उनले प्रधानमन्त्री केपी शर्मा ओलीलाई कोरोना भन्दा बढी खतरनाक भन्दै हटाउनुपर्ने माग राख्न थालेका छन्।

### विदेशमा...

सरकारसँग लकडाउनयता पटक-पटक छलफलको प्रयास गरेको भएपनि सफल नभएको बताए।

उनले लकडाउनपछि नेपाली कांग्रेस पदाधिकारीहरुको तीन वटा बैठक बसेको भन्दै सबै बैठकहरुमा विदेशमा रहेका नेपालीरुको समस्या र उनीहरुको उद्धारको विषयमा गम्भीरताका साथ छलफल गरेको बताए। विदेशमा रोजगारी गुमाएर समस्यामा रहेका नेपालहरुको उद्धार तथा स्वदेश फिर्ताका लागि सर्वोच्च अदालतलेसमेत नेपाल सरकारलाई आदेश दिइसकेको भन्दै प्रवक्ता शर्माले उक्त आदेशप्रति पनि नेपाल सरकार जवाफदेही हुनुपर्ने माग गरे।

### खाडीमा..

आप्रवासी कामदार कोरोना भाइरस संक्रमित भएपनि आप्रवासी कामदारहरुमाथि कडा निगरानी बढाएको स्थानीय सञ्चारमाध्यमहरुले बताएका छन्।

# शतक नबनाई करियर अन्त्य गरेका तीन कप्तान

**काठमाडौं, एजेन्सी**- ब्याट्सम्यानलाई शतकको ठूलो महत्व हुन्छ। अन्तराष्ट्रिय स्तरमा प्रदर्शनको मापन गर्दा शतकको पनि गणना हुने भएकाले अधिकांश खेलाडीहरु शतक प्रहार गर्नका लागि लालायित हुन्छन्। तर यस्ता खेलाडीहरु पनि छन् जो आफै कप्तान भएर पनि शतक बनाउन सकेनन्। क्रिकेट टिम गेम भएकाले सबैले शतक नै बनाउनु पर्छ भन्ने पनि होइन। हामीले एक दिवसीय करियरमा शतक बनाउन नसक्ने तीन कप्तानको बारेमा जानकारी दिन्छौं।







### डेनियल भिटोरी (न्यूजिल्याण्ड)

डेनियर भिटोरी न्यूजिल्याण्डका उत्कृष्ट अलराउण्डर हुन्। १९९७ मा अन्तराष्ट्रिय क्रिकेटमा डेब्यु गरेका भिटोरीले २०१५ मा अस्ट्रेलियाविरुद्धको एक दिवसीय खेल्दै सन्यास लिएका थिए।

उनी न्युजिल्याण्डका कप्तानको रुपमा २००७ देखि २०११ सम्म खेले। उनले एक दिवसीय क्रिकेटमा करियरमा २९५ म्याचका १८७ इनिङमा ब्याटिङ गरेका थिए। २ हजार २ सय ५३ रन बनाए। उनको नाममा ४ अर्धशतक छ भने शतक भने बनाउन सकेनन्। उनलको सर्वाधिक स्कोर ८३ रन हो। तर, ११३ टेस्ट म्याच खेल्दा ६ शतक बनाएका थिए।

### मिसबाह उल हक (पाकिस्तान)

मिसबाह उल हकले २००१ मा अन्तर्राष्ट्रिय क्रिकेटमा डेब्यु गरेका थिए। २०१७ सम्म क्रिकेट खेलेका हकले पाकिस्तानी क्रिकेटको कप्तानको रुपमा ७ बर्षसम्म नेतृत्व गरे। उनले एक दिवसीय क्रिकेटमा कहिल्यै पनि शतक बनाउन सकेनन्। १६२ एक दिवसीय क्रिकेटमा हकले ४२ अर्धशतक बनाएका थिए। उनको सर्वाधिक स्कोर ९६ रन नटआउट रहेको छ। एक दिवसीय क्रिकेटमा शतक बनाउन नसके पनि हकको टेस्ट क्रिकेटमा भने १० शतक समावेश छन्।

### हीथ स्ट्रीट (जिम्बावे)

हीथ स्ट्रिट जिम्बावेका उत्कृष्ट अलराउण्डर हुन्। १९९३ देखि २००५ सम्म उनी अन्तराष्ट्रिय क्रिकेट खेल्ने खेलाडी हुन्। उनको समयमा जिम्बावेको टिम निकै मजबुत थियो। स्ट्रीटको ब्याट भन्दा बल बढी चल्ने गर्थ्यो। जिम्बावेका लागि उनले चार वर्ष कप्तानी पनि गरेका थिए। कप्तान पद त्यागेपनि उनी नियमित सदस्यको रुपमा टिममा रहेका थिए। त्यसबेला पनि उनले एक दिवसीयमा शतक बनाउन असफल रहे। १८९ एकदिवसीय क्रिकेट खेलेका स्ट्रीटले समग्रमा २ हजार ९ सय ४३ रन बनाए। उनले १३ अर्धशतक बनाए पनि शतकमा रुपान्तरण गर्न भने असफल रहे। उनको सर्वाधिक एक दिवसीय स्कोर ७९ रन नटआउट हो। उनले टेस्ट क्रिकेटमा भने एउटा शतक बनाएका थिए।

# प्रधानमन्त्री जोन्सन आजदेखि नियमित काममा फर्कने

**लण्डन, एजेन्सी**- कोरोनाभाइरसबाट सङ्क्रमित भई उपचार गराइरहनु भएका बेलायतका प्रधानमन्त्री बोरिस जोन्सनले सोमबारदेखि नियमित काम शुरु गर्ने भएका छन्। लण्डनस्थित सेन्ट टमस अस्पतालमा उपचार गराएर निको भएकाले उनले काम शुरु गर्न तयार हुनुभएको अधिकारीहरुले जनाएका छन्। उनले मन्त्रिपरिषद्का आफ्ना सहकर्मीहरुलाई सोमबारदेखि सामान्य अवस्थामा झैं काम गर्न थाल्ने बताएका हुन्। प्रधानमन्त्री जोन्सनले चिकित्सकहरुको सल्लाह अनुसार नै आफूले नियमित काम गर्न तयारी गरेको पनि जानकारी दिए।



प्रधानमन्त्री जोन्सनले यसअघि अस्पतालको सघन कक्षमा तीन रात बिताउनु भएको थियो। त्यसपछि एक हप्ता सामान्य शैयामा बसेका थिए। सघन कक्षबाट बाहिरिएपछि उनले विभिन्न माध्यमबाट अति आवश्यक पर्ने व्यक्तिहरुलाई भेट्ने, कुराकानी गर्ने, छलफल गर्नेलगायतका क्रियाकलाप गर्दै आएका छन्।

प्रधानमन्त्री अस्वस्थ भएर अस्पतालमा रहेका बेला उनको अनुपस्थितिमा अधिकांश काम विदेशमन्त्री डोमिनिक राबले गर्दै आएका थिए। कोरोनाभाइरसको सङ्क्रमणबाट अति प्रभावित मुलुकमा पर्ने बेलायतमा कोरोनाभाइरसका कारण अहिलेसम्म २० हजार ३१९ जनाको मृत्यु भइसकेको छ।

मृत्यु हुनेहरुको संख्या २० हजारभन्दा बढी हुने देशहरुमध्ये बेलायत पाँचौं देश भएको छ। बेलायतभन्दा अगाडी अमेरिका, इटली, स्पेन र फ्रान्समा २० हजारभन्दा बढीको कोरोनाभाइरसका कारण मृत्यु भइसकेको छ।

पछिल्लो दुई हप्तामा बेलायतमा कोरोनाभाइरसका कारण मृत्यु हुनेको संख्या अत्यधिक बढेको छ।

# कोरोना विरुद्धको लडाई जनताको नेतृत्वमा छ : मोदी

**नयाँदिल्ली, एजेन्सी**-भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले भारतमा भइरहेको कोरोनाभाइरस विरुद्धको लडाई भारतीय जनताले नेतृत्व गरिरहेको बताएका छन्। लडाईमा जनताका विभिन्न समूह र प्रशासनले आम नागरिकलाई सघाइरहेको प्रधानमन्त्री मोदीले आइतबार बताएका हुन्। आम नागरिकले चालकको काम गरिरहेका र प्रशासन र अन्य विभिन्न सहयोगी समूहहरुले चक्काको काम गरिरहेको उनको भनाई छ।



प्रधानमन्त्री मोदीले भने, "हरेक नागरिक यस लडाईमा कोरोनाभाइरस विरुद्धको लडाकू हुनु भएको छ।" उनले मासिक रुपमा सहभागिता जनाउने कार्यक्रम "मन की बात"मा बोल्दै मोदीले विशाल भारतमा यस्तो लडाई धेरै कठिन भएको पनि उल्लेख गरे।

कोरोनाभाइरससँगै आफूहरु गरिबीका विरुद्धमा पनि लडेर देश विकास गर्नु पर्नेमा उनले जोड दिए।

"कोरोनाभाइरस विरुद्धको जनताको लडाई सकिएपछि हामीले भारतलाई नयाँ अवस्थामा पुऱ्याउने छौं," प्रधानमन्त्री मोदीले भने।

# यमनमा राजनीतिक संकट गहिरियो



**दुबई, एजेन्सी**-सरकारसँग शान्ति सम्झौता भङ्ग भएलगत्तै यमनको पृथकतावादी एक समूहले आइतबार बिहान देशको दक्षिणी राज्यमा स्वशासन घोषणा गरेको छ। देशको अधिकांश उत्तरी भूभागमा नियन्त्रण कायम राखेका हुथी विद्रोहीहरूसँग जारी लामो द्वन्द्वलाई यस घोषणाले अझ जटिल बनाएको छ। दक्षिणी संक्रमणकालीन परिषद (एसटिसी)ले यमन सरकार शान्ति सम्झौताको मर्म विपरीत अघि बढेको तथा दक्षिणी क्षेत्रका जनताको भावनामाथि "षडयन्त्र" गरेको जनाउँदै शनिबार मध्यरातिदेखि लागू हुने गरी स्वशासन सुरु भएको घोषणा गरेको छ।

यमन सरकारले एसटिसीको उक्त कदमको निन्दा गर्दै दक्षिणी क्षेत्रमा उत्पन्न हुन सक्ने मानवीय सङ्कटको जिम्मेवार उनीहरु आफैं हुनुपर्ने चेतावनी दिएको छ।

इरान समर्थित हुथी विद्रोहीहरूको बिरूद्धको लडाइँमा अन्तर्राष्ट्रिय मान्यता प्राप्त यमन सरकारको समर्थन गर्ने साउदी नेतृत्वको गठबन्धनले कोरोनाभाइरसको महामारी रोक्नका लागि हाल एकपक्षीय युद्धबिराम घोषणा गरेको छ। यद्यपी हुथी विद्रोहीहरुले उक्त युद्धविरामलाई अस्वीकार गरेका छन्।

यमनका दक्षिणी पृथकतावादीहरुले गत नोभेम्बरमा साउदी अरेबियाको रियादमा शक्ति बाँडफाँड गर्ने सम्झौतामा हस्ताक्षर गरेका थिए। "गृहयुद्ध भित्र गृहयुद्ध" का रुपमा लिइएका यी पृथकतावादीले गत वर्ष अगस्टमा यमनको दोस्रो ठूलो शहर एडनलाई कब्जामा लिएका थिए।

दक्षिणी क्षेत्रका लागि समान प्रतिनिधित्व सहित नयाँ मन्त्रिपरिषद् गठन गर्ने तथा सैन्य बलको पुनर्गठन लगायतका महत्वपूर्ण कार्य गर्ने म्याद गुज्रिएसँगै रियाद सम्झौता विफल भएको थियो। एसटिसीले जारी गरेको विज्ञप्तिमा आफूहरुले "दक्षिणमा अप्रिल २५ शनिबारको मध्यरातदेखि लागू हुनेगरी स्वशासन घोषणा गरिएको" उल्लेख छ। "परिषदका अध्यक्षले तोकेका कामहरु एक स्वशासन समितिले पूरा गर्नेछ," विज्ञप्तिमा भनिएको छ।

एडेनवासीहरूले शहरमा एसटिसी आबद्ध सेनाको व्यापक तैनाथी शुरु भएको जनाएका छन्। पृथकतावादी समूहको एक स्रोतले एएफपीलाई आफूहरुले केन्द्रीय बैंक र एडेनको बन्दरगाह लगायत सबै सरकारी कार्यालयहरुमा जाँच चौकीहरु स्थापना गरेको बताएका छन्। एडेन शहरभरि सैन्य सवारी साधनहरू एसटिसीका झण्डा राखेर दौडिएका छन्।

यमनको दक्षिणमा राजनीतिक परिदृश्य जटिल छ, र एसटिसीको घोषणाका बाबजुद केही दक्षिणी शहरहरूले आफूहरु पृथकतावादीले गरेको स्वशासनको घोषणालाई मान्यता नदिने र केन्द्रीय सरकारसँग मिलेर बस्ने बताएका छन्। यमनका विदेश मन्त्री मोहम्मद अल-हधरामीले एसटिसीको कदम "सशस्त्र विद्रोहको निरन्तरता रहेको र गत अगस्टमा सम्पन्न रियाद सम्झौताको खारेजी" हो भन्नुभएको छ।

विगत पाँच वर्षको अवधिमा सरकार र हुथी विद्रोही बीचको युद्धमा भोकमरिबाट ग्रस्त यमनमा दशौं हजार सर्वसाधारणको मृत्यु भइसकेको छ। यस महिनाको शुरूमा यमनको दक्षिणी प्रान्त हाद्रामातमा कोरोनाभाइरसको पहिलो घटना रिपोर्ट गरिएको थियो। यसले यमनमा कोरोना संक्रमणको त्रास बढाएको थियो।

देशभित्र गृहयुद्ध र कोरोनाको संक्रमण त छँदैछ, हालै मात्र यमनमा आएको बाढीमा परेर कम्तीमा २१ जनाको मृत्यु भएको थियो। एडन शहरभित्र बाढी पस्नुका साथै घरहरु भत्किएका थिए। गत अगस्टमा एसटिसी र सरकारी फौजबीच भिषण लडाइँ भएको थियो, र दक्षिणी प्रमुख शहर एडेनलाई एसटिसीले नियन्त्रणमा लिएको थियो। यमनको राजधानी सानाबाट हुथी विद्रोहीले विस्थापित गरेपछि राष्ट्रपति एबेद्राबो मन्सुर हाडीले फेब्रुअरी २०१५ मा यही शहरमा शरण लिएका लिनु भएको थियो। हुथी विद्रोही विरुद्ध बनेको गठबन्धनका साझेदार मुलुकहरु साउदी अरेबिया र संयुक्त अरब इमिरेट्सबीच नै तिक्तता उत्पन्न भएको छ। किनभने साउदी अरेबियाले हाडी नेतृत्वको सरकारलाई समर्थन गर्दछ भने युएईले रहस्यमय ढंगबाट एसटिसीलाई समर्थन जनाएको पाइएको थियो। रियाद सम्झौतालाई यमन संकट समाधानमा एउटा महत्वपूर्ण कदम भन्दै स्वागत गरिएको थियो। यसलाई यमनमा व्यापक द्वन्द्व अन्त्य गर्ने सम्भाव्य पाइलाको रूपमा स्वागत गरिएको थियो।

तर सम्झौताको कार्यान्वयनमा विस्तारै संकट देखा पर्न थाले। खासगरी दक्षिणी भागमा देखिएको खाद्यान्न अभाव, मुद्राको तीव्र गिरावट, र सार्वजनिक क्षेत्रका कर्मचारीहरूलाई तलब दिन रकमको अभाव भएपछि आशंकाहरु बढ्न थालेका थिए।

हुथी बिरूद्धको लामो युद्धमा सरकार र एसटिसी प्राविधिक रूपमा सहयोगी रहेका छन् तर पृथकतावादीहरु दक्षिणी क्षेत्रलाई समेटेर स्वतन्त्र राज्य बनाएरै छाड्ने अभियानमा निरन्तर क्रियाशील छन्।

# पेरुमा कोरोनाभाइरसको संक्रमणबाट १७ प्रहरीको मृत्यु

**लिमा, एजेन्सी**- कोरोनाभाइरसको संक्रमण रोक्न दक्षिण अमेरिकी राष्ट्र पेरुमा देशव्यापी जारी गरिएको लकडाउन कार्यान्वयन गर्ने सिलसिलामा कोरोना संक्रमित १७ जना प्रहरीको मृत्यु भएको अधिकारीहरु र स्थानीय मिडियाले जनाएका छन्। अधिकारीहरूले यस हप्ताको सुरुमा नै कोविड-१९ बाट कम्तिमा एक हजार ३०० जना प्रहरीहरु संक्रमित भएको स्वीकारेका थिए।

देशमा कोरोना संक्रमण तिब्र रुपमा फैलिएसँगै गृहमन्त्रीले राजीनामा दिएपछि नयाँ नियुक्त हुनुभएका गृहमन्त्री ग्यास्टोन रोड्रिगेजले शनिबार पत्रकारहरुसँग कुरा गर्दै देशभर १७ जना प्रहरीको मृत्यु भएको र त्यसमध्ये ११ जना राजधानी लिमाका रहेको जानकारी दिए।

पेरुको सरकारी समाचार समिति एन्डिनाले लकडाउनको उल्लंघन गर्ने व्यक्तिलाई नियन्त्रण गर्नेक्रममा ठूलो संख्यामा प्रहरीहरु कोरोनाभाइरसबाट संक्रमित भएको जनाएको छ। पेरूमा गत मार्च १७ देखि लकडाउन गरिएको छ।

गृहमन्त्री रोड्रिगेजले पेरूको प्रहरीका लागि करिब एक करोड ५० लाख अमेरिकी डलर बराबरको मास्क र ग्लोबसमेतका सुरक्षा सामग्री खरिद गर्न बजेट विनियोजन गरिएको जानकारी दिए। उनले प्रहरी बलको करिब दुई लाख २० हजार परीक्षणको नतिजा आउन बाँकी रहेको बताए। "संकटमा खटिने प्रहरीको सुरक्षा गर्नु सरकारको प्रमुख दायित्व हो। प्रहरी बल राम्रोसँग सुसज्जित हुनै पर्दछ।" जोन्स हप्किन्स युनिभर्सिटीले गरेको गणना अनुसार पेरूमा २५ हजारभन्दा बढी व्यक्ति कोरोना संक्रमित रहेका र ७०० जनाको मृत्यु भइसकेको छ।

# चीनको लक्ष्य कोरोनाले पुरा गऱ्यो

**बेइजिङ, एजेन्सी**-कोरोना भाइरसका कारण संसारभरका धेरैजसो देशमा लकडाउन छ। त्यसैकारण धेरै देश र इलाकामा प्रदुषणको स्तर तुलनात्मक रूपमा कम भएको छ। चीनको अधिकांश समय धुलो र धुवाँले ढाक्ने उत्तरी प्रान्त हुबेईमा पनि हावा सफा भएको छ। प्रशासनले सो क्षेत्रको हावाको शुद्धताका लागि राखेको लक्ष्य पूरा गरेको छ।

स्थानीय अधिकारीहरूले भने कोरोना भाइरसका कारण लकडाउन नगरीकनै यो लक्ष्य पूरा गर्ने लक्ष्य राखेका थिए।

प्रान्तीय पर्यावरण ब्यूरोका उपप्रमुख ही लिताओले अक्टोबरदेखि मार्चको अवधिमा पीएम २.५ को औसतमा समग्रमा १५ प्रतिशतले कमी आएको छ। साथै, सल्फरडाइअक्साइडमा समग्रमा एकतिहाइ कमी आएको छ। पूरै चीनमा वातावरण प्रदूषणमा कमी आएको छ। गत वर्षको अन्त्यमा कोरोना संक्रमण देखिएपछि लकडाउन गरिएको थियो। त्यसपछि सडकमा सवारी र उद्योग कलकारखाना बन्द भएका थिए।

विशेषज्ञले यसै कारण प्रदूषणमा कमी आएको विश्वास गरेका छन्। अझै पनि लाखौं मानिसहरू घरमै रहेका छन्। जसका कारण सन् २०२० को सुरूवाती ३ महिनामा ३ सयभन्दा बढी फोक्सोमा नोक्सान पुर्याउने पीएम २.५ कणको मात्रा करिब १५ प्रतिशतले कमी भएको दाबी गरिएको छ।

सांघाईमा विशालु ग्यासको उत्सर्जनमा पहिलो ३ महिनामा करिब २० प्रतिशतले कमी आएको छ भने वुहानमा मासिक औसत गतवर्षको तुलनामा १ तिहाइले कमी आएको छ।

हुबेई प्रान्तको पर्यावरण ब्यूरोले प्रतिकूल अवस्थामा पनि आफ्नो निर्णयमा कायम रहेर सही पालना गरेका कारण स्थानीय स्तरमा प्रदूषण कमी गर्न सहयोग पुगेको बताएको छ।

# टेस्ट च्याम्पियनसीप रोक्न बीसीसीआईको आग्रह

**मुम्बई, एजेन्सी**- भारतीय क्रिकेट कन्ट्रोल बोर्ड (बीसीसीआई) ले अन्तराष्ट्रिय क्रिकेट परिषद आइसीसीलाई विश्व टेष्ट च्याम्पियनसिप रोक्नका लागि सुझाव दिएको छ। टेष्ट च्याम्पियनसिपको अंक तालिकाको शिर्ष स्थानमा रहेको भारत फाइनलमा पुग्ने प्रबल दावेदारका रुपमा रहेको छ। उसले नौ खेलमा सात खेल जित्दै तीन सय ६० अंक हासिल गरेको छ। आइसीसीसँगको भिडियो कन्फ्रेन्समा बीसीसीआईले टेष्ट च्याम्पियनसिप रोक्नुपर्ने धारणा राखेको हो। २०२३ को फ्युचर टुर कार्यक्रम परिवर्तन गर्ने योजना भएकाले टेष्ट च्याम्पियनसिप स्थगित गर्नुपर्ने बीसीसीआईको धारणा थियो।




सो भिडियो कन्फ्रेन्समा बीसीसीआई मात्र एक्लो संघ थियो, जसले टेष्ट च्याम्पियनसिप रोक्नुपर्ने धारणा राखेको थियो।

यस्तैमा आइसीसीका प्रमुख शशांक मनोहरको कार्यकाल दुई महिना लम्बिने संभावना बढेको छ। कोरोना भाइरसका कारण जुनमा हुने भनिएको आइसीसीको बोर्ड बैठक स्थगित हुने ठुलो संभावना रहेको छ।

अहिलेको अवस्थामा यो बैठक अगष्टमा गर्ने योजना छ। सोहिबेला आइसीसीको नयाँ चेयरम्यान पनि चयन हुनेछ। जसका लागि इंग्ल्याण्ड क्रिकेट बोर्डका अध्यक्ष कोलिन ग्रावेसले आइसीसी प्रमुखको जिम्मा पाउनेछन्।

**Chandrapur Municipality**
**Municipal Executive Office**
Chandrapur, Rautahat
Province No.-2, Nepal

**Invitation of Bids for the Construction of Building works in Chandrapur Municipality Office**

Contract Identification No: IFB 01/2076/077/works/Chandrapurmun/Rautahat

***Date of publication : 26 April 2020 (Baishakh 14, 2077)***

The Chandrapur Municipality Chandrapur, Rautahat invites electronic bids from eligible bidders for the Construction of Building works under National competitive bidding procedures. Eligible Bidders may obtain further information and inspect the bidding documents at PPMO egp system www.bolpatra.gov.np/egp.

**Chief Administrative Officer**

**जस्तो सीप उस्तै रोजगार**

मुख्य रूपमा साउदी अरब, कतार, मलेसिया र कुवेतमा भनेको काम र तोकेको तलबका लागि दक्ष, अर्धदक्ष र अदक्ष कामदार पठाउने सुरक्षित, भरपर्दो र विश्वसनीय म्यानपावर

OXFORD International

नेपाल सरकारबाट श्रम इजाजतपत्र नं. ९१०/०६७/०६८

**अक्सफोर्ड इन्टरनेशनल प्रा.लि.**
जावलाखेल (नेसनल क्यान्सर अस्पतालसँगै), ललितपुर
फोन नं. ५५५५६८३, ५५५५५३१, फ्याक्सः ५५५५७९४
E-mail:info@oxfordint.com.np, oxfordint@wlink.com.np

**वैदेशिक रोजगारमा गुणस्तरीय सेवा र गुणस्तरीय रोजगारीका लागि विगत १८ वर्षदेखि सञ्चालित यस कम्पनीमा सम्पर्क गर्नुहोस ।**

Pasa INTERNATIONAL PVT. LTD.
Kupondol, Lalitpur, Tel: 5539331, 5554499
Web: www.pasainternational.com.np
Email: pimt@pasa.wlink.com.np
pimt@pasainternational.com.np
श्रम इजाजत पत्र नं. ११६/०५५/५६

# 'लकडाउन'मै अघि बढ्यो २०० बढी सडकको निर्माण

**सञ्चिता घिमिरे/रासस**
काठमाडौं, १४ बैशाख

सरकारले देशभरका झण्डै २०० स्थानमा सडक र पुल निर्माण अघि बढाएको छ । 'लकडाउन' को समयमा आवश्यक स्वास्थ्य सावधानी अपनाएर यी सडक निर्माण अघि बढाइएको हो । सडक विभागअन्तर्गत डिभिजन सडक कार्यालयले राष्ट्रिय राजमार्गमा सडक र पुल निर्माणसँगै मर्मतको काम अघि बढाएको छ ।

प्रतिकूल अवस्थामा पनि सजगता र होसियारीसाथ निर्माणलाई अघि बढाइएको सडक विभागले जनाएको छ। अहिले निर्माण भइरहेका स्थानबाहेक थप केही स्थानमा अझै निर्माण हुने विभागका महानिर्देशक केशवकुमार शर्माले बताए । उनले भने, "त्यहाँको आवश्यकता र निर्माण व्यवसायी तयार रहेका थप ८/१० स्थानमा निर्माण हुनेछ ।"



वर्षा शुरु हुन केही महिना मात्रै बाँकी रहेकाले त्यसअघि नगरिनहुने कामहरू अहिले भइरहेको महानिर्देशक शर्माले बताए। पुल र सडकमा भइरहेको काम जुन अहिले नगर्दा भइरहेका संरचना भत्कन्छ भने त्यो काम भइरहेको छ। यीमध्ये कतिपय सम्पन्न हुने चरणमा पुगेका काम भएको र कतिपय अहिले नै सम्पन्न नभए पनि अलपत्र कामलाई व्यवस्थापन भइरहेको छ । कुनै सडकमा अहिले खाल्टा छन् अहिले नै मर्मत नहुँदा वर्षाको समयमा ठूलो खाडल पर्न सक्ने हुँदा तीनलाई अघि बढाइएको हो । उनले भने, "हामीले कुन कुन स्थानमा तत्काल काम नगर्दा थप क्षति हुनसक्छ भनी पहिचान गरी अघि बढाइरहेका छौं ।"

त्रिभुवन राजपथ, कोशी राजमार्ग र महेन्द्र राजमार्ग, कर्णाली राजमार्ग र हुलाकी राजमार्गका विभिन्न खण्डमा निर्माण अघि बढिरहेको छ । त्रिभुवन राजपथको हेटौंडा-भैसे-लामीडाँडा सडकखण्ड, कोशी राजमार्गको देउराली-मुढे खण्ड र महेन्द्र राजमार्गको लम्की अत्तरिया खण्डमा निर्माणको काम अघि बढेको हो । महेन्द्र राजमार्गको चुरे हेटौंडा खण्ड आवधिक मर्मतको काम भइरहेको छ। पृथ्वी राजमार्ग फिस्लिङ-जोगीमारा खण्ड पटके मर्मत अघि बढेको छ । दमकस्थित डिभिजन सडक कार्यालयले झापामा पुल र सडक निर्माण गरिरहेको छ । जुम्ला डिभिजन कार्यालयले गमगढी सडक स्तरोन्नति गरिरहेको छ । कोशी राजमार्गको विराटनगर-इटहरी सडक खण्डमा निर्माण अघि बढेको छ ।

सडक विभागले राष्ट्रिय राजमार्गसँगै स्थानीय सडकमा निर्माणाधीन पुललाई समेत अघि बढाइरहेको छ । त्रिशूली पुल ठिमुरा निर्माणको काम भइरहेको छ । बूढी खोला पुल निर्माणको काम अहिले अघि बढिरहेको छ । कर्णाली राजमार्ग कालीकोट खण्डमा सडक मर्मत र नवलपरासीमा तुरीया खोला पुल निर्माण अघि बढिरहेको छ । डिभिजन सडक कार्यालय दाङले पुलको फुटपाथ निर्माण गरिरहेको छ ।

सरकारले निर्माणाधीन आयोजनाका काम स्वास्थ्य सावधानी अपनाउँदै अघि बढाइने निर्णय गरेसँगै सम्बन्धित जिल्लाका प्रशासनले सडक निर्माणका सहजीकरण गरिरहेका छन्। सामाजिक दूरी कायम गरेर निर्माण अघि बढिरहेको त्यहाँस्थित डिभिजन सडक कार्यालयले जानकारी दिएका छन् । ती स्थानमा भीडभाड नगर्ने, कामदारलाई त्यही 'क्लोज क्याम्प' मा राख्ने, मास्क र सेनिटाइजर प्रयोग गरेर काम भइरहेको विभागले जनाएको छ । आमनागरिकको स्वास्थ्यलाई ध्यानमा राखेर सरकारले 'लकडाउन'को अवधि थप गर्दा भौतिक पूर्वाधारको अलपत्र योजना सम्पन्न गराउन निर्माण अघि बढाइएको हो ।

डिभिजन सडक कार्यालयले गत साता नै काठमाडौं उपत्यकाका विभिन्न स्थानमा आवधिक मर्मत शुरु गरेको थियो । उपत्यकाका व्यस्त सडकमा सवारी चाप नभएको समयमा काम गर्न थाले पनि निर्माण सामग्री नपाउँदा अहिले ठप्प बनेको डिभिजन प्रमुख कुबेर नेपालीले बताए । यसअघि सामाजिक दूरी कायम गरेर सडक चिह्न लगाउने काम गरेको विभागले मर्मतको काम शुरु गरे पनि धेरै दिन गर्न सकेन । उनले भने, "अहिले पनि हामी निर्माण सामग्रीका लागि सम्बन्धित पालिकासँग सम्पर्क गरिरहेका छौं ।"

उपत्यका बाहिरका अरु सडकमा भने निर्माण सामग्रीको अभाव नरहेको महानिर्देशक शर्माले बताए । उपत्यका बाहिरका सडक निर्माणमा स्थानीयवासी र स्थानीय तहको पनि सहयोग रहेको छ । उनले भने, "स्थानीयस्तरमा सहयोग भएका सडकमा मात्रै काम भइरहेको छ, विरोध हुने स्थानमा काम गरिएको छैन ।"

नेपाल निर्माण व्यवसायी महासङ्घले दुई साता पहिले नै प्रेस विज्ञप्तिमार्फत सरकारलाई निर्माण अघि बढाउन वातावरण बनाउन अनुरोध गरेको थियो । महासङ्घले कुनै स्थानमा फर्मा ठोकेको त कतै खाल्टा खनेको गरी निर्माण अलपत्र अवस्थामा रहेको बताएको थियो । महासङ्घले वर्षामा क्षति पुग्ने पुल र नदी नियन्त्रणका काम अघि बढाउन सहजीकरण गर्न सरकारलाई अनुरोध गरेको हो । अधिकांश आयोजना मजदुर निर्माणस्थलमै रहेको महासचिव रोशन दाहालले बताए । उनले भने, "काम गर्न ठूलो सङ्ख्यामा मजदुर निर्माणस्थलमै छन् ।"

# स्वास्थ्य सामग्री खरिदबारे छानबिन शुरु

**मध्यान्ह संवाददाता**
काठमाडौं, १४ बैशाख

प्रतिनिधिसभाको सार्वजनिक लेखा समितिले कोरोना भाइरस सङ्क्रमण नियन्त्रण सम्बन्धमा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले स्वास्थ्य सेवा विभागमार्फत खरिद प्रक्रिया अघि बढाएको र रद्द गरिएको सम्बन्धमा छानबिन अघि बढाएको छ ।

समितिले सो सम्बन्धमा सम्पूर्ण कागजात तथा विवरण सात दिनभित्र समिति सचिवालयमा उपलब्ध गराउन र प्रतिक्रिया माग गरी आज मन्त्रालयलाई प्रत्राचार गरेको हो । कोरोना भाइरसको सङ्क्रमण नियन्त्रण गर्ने उद्देश्यले मन्त्रालयले विभागमार्फत बिनाप्रतिस्पर्धा ओम्नी बिजनेश कर्पोरेट इन्टरनेशनलसँग स्वास्थ्य उपकरण तथा आवश्यक सामग्री खरिद गर्ने कार्य अघि बढाइएकामा सो खरिद सम्झौता पछि रद्द गरेको थियो ।

सो सम्बन्धमा समितिले छानबिनकार्य अघि बढाउन आवश्यक देखेकाले त्यसमा मन्त्रालयको प्रतिक्रिया र त्यसलाई पुष्टि हुने आवश्यक कागजात तथा खरिद प्रक्रियामा भए गरेको सम्पूर्ण कागजात उपलब्ध गराइदिन निर्देशानुसार अनुरोध गरिएको समिति सचिव डा रोजनाथ पाण्डेद्वारा जारी विज्ञप्तिमा उल्लेख छ ।

# दुई हजार बढी घरधुरीलाई राहत वितरण

**काठमाडौं/मस**-विगत लामो समयदेखि जारी रहेको लकडाउनका कारण दैनिक ज्यालादारी गरी गुजारा चलाइरहेका दुई हजार ८०० घरधुरीलाई पर्सागढी नगरपालिकाले राहत सामग्री वितरण गरेको छ । नगरपालिकाको वडा नं १ देखि ८ सम्मका अति विपन्नका प्रतिपरिवार चामल २० केजी, दाल दुई केजी, खाने तेल एक लिटर, नुन दुई पोका, हात धुने तथा लुगा धुने साबुन चार थान गरी दुई हजार ८०० घरधुरीलाई सो राहत वितरण गरिएको उक्त नगरपालिकाका अध्यक्ष लोकनारायण यादवले बताए ।

करिब ४५ हजार जनसङ्ख्या रहेको सो नगरपालिकाभित्र ४० प्रतिशत जनता गरिबीको रेखामुनि रहेका छन् । राहत वितरणमा कुनै किसिमको अनियमितता नहोस् भनेर अध्यक्ष यादवले वडास्तरमा गठन भएको सर्वदलीय समितिले सिफारिस गरेको गरिब तथा निमुखा परिवारलाई मात्र राहत वितरण गरिएको दाबी गरिएको छ । वितरण भएको राहतबाट प्रतिपरिवारलाई एकहप्तासम्म खान पुग्ने राहत लिएका उनीहरूले बताएका छन् ।

प्रदेश नं २ सरकारबाट राहत वितरणका लागि प्राप्त भएको रु १५ लाख तथा नगरपालिका कोषबाट रु ३० लाख गरी हालसम्म रु ४५ लाख मूल्यबराबरको राहत सामग्री वितरण गरिएको बताइएको छ । नगरपालिकाभित्र कोरोना भाइरसको सङ्क्रमणबाट जोगिन हरपुर तथा बागेश्वरीमा क्वारेन्टाइन चेक पोष्ट खडा गरिनाका साथै नगर क्षेत्रभित्र सेनिटाइजर र मास्कसमेत वितरण गरिएको छ । पर्सा जिल्लामा रहेका १४ स्थानीय तहले समेत राहत वितरण गरेको सम्बन्धित स्थानीय निकायले जनाएको छ । कतिपय स्थानीय तहमा राहत वितरणमा अनियमितता भएको समेत देखिन्छ ।

यसैबीच प्रदेश नं २ प्रहरी कार्यालय जनकपुरका अनुसार हालसम्म आठ जिल्लामा एक लाख ८० हजार ५३३ घरधुरीलाई राहत वितरण गरिएको र सोबाट आठ लाख २३ हजार ५२८ परिवार लाभान्वित भएको सो कार्यालयका प्रहरी निरीक्षक तिलक सुनारले बताए । प्रदेश नं २ मा हालसम्म सातजनामा कोरोना पोजेटिभ देखिएको छ । आइसोलेशनमा २५, क्वारेन्टाइनमा एक हजार ३८० तथा होम क्वारेन्टाइनमा ८७८ रहेको बताइएको छ ।

# लकडाउन लम्बिँदै जाँदा बङ्गुरपालन व्यवसायी मर्कामा

**काठमाडौं/मस**-विश्वभर महामारीका रूपमा फैलिएको कोरोना भाइरसको प्रभावबाट बच्न सरकारले लकडाउन घोषणा गरेपछि विभिन्न पेशा व्यवसाय गर्दै आएका स्याङ्जाका व्यवसायीहरू मर्कामा परेका छन् । त्यसमा पनि पशुजन्य व्यवसाय गर्दै आएका व्यवसायीका समस्या जटिल बन्दै गएका छन् । लकडाउन लम्बिएसँगै यो व्यवसाय गर्दै आएका व्यवसायी चिन्तितसमेत बनेका छन् ।

वालिङ नगरपालिका-९ पिपलटारीमा इन्द्रेणी बङ्गुर फार्म सञ्चालन गर्दै आएका भीमप्रसाद लुइँटेलले लकडाउनका कारण बङ्गुरका पाठापाठी बिक्री नहुँदा आफू समस्यामा परेको बताए । लुइँटेलले भने, "अहिले फार्ममा ३०० बढी पाठापाठी छन् । तीमध्ये २०० पाठापाठी बिक्री गर्नका लागि तयारी अवस्थामा पुगेका छन् तर लकडाउनका कारण बिक्री नहुँदा साह्रै समस्या भएको छ ।" बन्द हुनुभन्दा पहिले मासिक १५० भन्दा बढी पाठापाठी बिक्री हुने गरेकामा अहिले बिक्री गर्न नपाउँदा खोरमा बढी पाठापाठी भएर दैनिकजसो तीन/चार पाठापाठी मर्ने गरेको बताए ।

पाठापाठी बिक्री नहुँदा बङ्गुरलाई दान खुवाउनसमेत समस्या भएको लुइँटेलको भनाइ छ। नगरपालिकामा आफ्नो समस्याबारे कुरा राखेको र नगरपालिकाले समस्या समाधानका लागि पहल गर्ने बताए पनि अहिलेसम्म केही नगरेको उनले बताए । वालिङ नगरपालिकाका प्रमुख दिलीपप्रताप खाँणले बङ्गुरपालक व्यवसायीको समस्या समाधानका लागि आफूले कास्की जिल्लासँग समन्वय गरे पनि अहिलेको अवस्थामा बङ्गुरका पाठापाठी कसैले लैजान नचाहेकाले समस्या भएको बताए । नगरप्रमुख खाँणले भने, "पहिलेदेखि नै इन्द्रेणी बङ्गुर फार्मले जिल्ला बाहिर बेच्दै आएकाले अहिले जिल्ला बाहिरबाट माग नआएकोले समस्या भएको बताउँदै आवश्यक दानाका लागि सहजीकरण गर्ने जानकारी दिए ।"

युवा व्यवसायी लुइँटेलले विसं २०७१ देखि शुरु गरेको इन्द्रेणी बङ्गुर फार्ममा अहिले लगानी करिब साढे दुई करोड पुगेको छ। नेपाली सेनाको जागिर छाडेर वैदेशिक रोजगारीको सिलसिलामा दुबइ पुगेका लुइँटेल केही वर्षको विदेश बसाईंलाई बिट मार्दै स्वदेशमै केही गरौं भन्ने उद्देश्यले वालिङ नगरपालिका-१४ स्थायी घर भएका लुइँटेलले बङ्गुरपालन व्यवसायको शुरुआत गरेका थिए । शुरु-शरुमा बङ्गुर पाल्दा बाहुनको छोराले पनि बङ्गुर पाल्छन् भनेर भन्नेहरू छोटो समयमै उनले गरेको प्रगति देखेर प्रशंसासमेत गर्ने गर्थे, तर लकडाउनका कारण व्यवसायमा उदाहरणीय बनेका व्यवसायी यतिबेला भने चिन्ति बनेका छन् । उनको फार्ममा अहिले ३०० माउ बङ्गुर र ३३५ पाठापाठी रहेका छन् । बङ्गुरले पाठापाठी जन्माइरहने र पाठापाठी धेरै हुँदा सीमित खोरमा राख्नुपर्दा मिच्चिएरसमेत मर्ने गरेको, भिटामिन, औषधि, दानालगायत व्यवस्थापन गर्न समस्या परेको लुइँटेलले बताए ।

यसै गरी वालिङ नगरपालिका-१२ स्थित फौदीखोलामा शुभबिहानी बङ्गुरपालन फार्म सञ्चालन गर्दै आएका डम्मरबहादुर गुरुङले पनि बङ्गुरका पाठापाठी बिक्री नहुँदा समस्या परेको बताए । रु आठ लाख लागतमा बङ्गुरपालन व्यवसाय गर्दै आएका गुरुङले पाठापाठी बिक्री नहुँदा दाना किन्नसमेत समस्या भएको बताए ।

# हिमालय एयरलाइन्स ग्वान्जाओ उड्दै



**काठमाडौं/मस**-नेपालबाट अन्तर्राष्ट्रिय उडान गर्ने हिमालय एयरलाइन्सले चीनको ग्वान्जाओमा चार्टर्ड उडान गर्ने भएको छ । हिमालयको न्यारोबडी जहाज सोमबार साँझ ५:३० बजे त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट ग्वान्जाओ उड्ने तालिका रहेको विमानस्थलले जनाएको छ ।

चीनबाट अत्यावश्यक स्वास्थ्य सामग्री लिनका लागि कार्गो उडानका लागि अनुमति लिएको हिमालय एयरलाइन्सले जनाएको छ । हिमालयको जहाज ग्वान्जाओबाट स्वास्थ्य सामग्री लिएर सोमबार काठमाडौं आइपुग्नेछ ।

लकडाउनको अवस्थामा चीनको ग्वान्जाओबाट स्वास्थ्य मन्त्रालय तथा विभिन्न व्यवसायीले जहाज चार्टर्ड गरी स्वास्थ्य सामग्री ल्याइरहेका छन् । नेपालको निजी क्षेत्र र चीनको संयुक्त लगानीको हिमालयले चीनको बेइजिङ र छोङ्गिनसहित अन्य मुलुकका नौ गन्तव्यमा उडान भर्दै आएको छ ।

यसअघि चैत १६ र २० गते नेपाल वायुसेवा निगम (नेपाल एयरलाइन्स) को वाइडबडी जहाजले चार्टर्ड उडानमार्फत ग्वान्जाओबाट स्वास्थ्य सामग्री ल्याइएको थियो । पछिल्लोपटक गत वैशाख ५ गते निगमका दुई वाइडबडी जहाजले ग्वान्जाओबाट स्वास्थ्य सामग्री ल्याएका थिए ।




www.madhyanhadaily.com
मध्यान्ह दैनिकको facebook Page
Madhyanha News

के तपाईको कम्प्युटर, प्रिन्टर, फोटोकपी आदी बिग्रीएकोछ ?
यदी छ भने हामीलाई सम्झनुहोस् ।
हाम्रासेवा तथा सुबिधाहरू
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदी खरीद, बिक्रि तथा मर्मत,
- टोनर कार्टेज रिफिल,
- CCTV, EPABX बिक्रि तथा मर्मत,
- अफिसका लागि चाहिने फर्निचरसहित सम्पूर्ण सामानहरु,
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदीको बार्षिक सर्भिस ।
डि. आर. ट्रेडिङ्ग कन्सर्न
मो.: ९८४१५६५७९४, ९८०८४७५००२, ९८१३२५४२७५

दिवा सेवा तथा रात्री सेवा
माउण्ट मकालु यातायातको काउन्टर
नयाँ बसपार्कमा पनि खुलेको
यात्रुहरुलाई जानकारी गराईन्छ ।
सम्पर्क : कलंकी : फोन : ४२८१९७२
प्रेम रतन डिलक्स काठमाडौं-गौर, सम्पर्क : ९८५१०६३०४२ (प्रेम)
ग्यालक्सि डिलक्स : लालवन्दी-मलंगवा
९८१३६६६७०० रामहरी

अब जनता बोल्छन्, जनतापाटी सँगै...
जनतापाटी
www.janatapati.com
Janatapatinews Janatapati Janatapati

प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: बागबजार, काठमाडौं, फोन: ४२२६३६६, ४२२८२९८ ई-मेल: madhyanhadaily59@yahoo.com, madhyanhadaily59@gmail.com, मुद्रक: एक्सप्रेस कलर प्रेस, सम्पादक: **मदनकुमार श्रेष्ठ**